# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरूको २०८० साल बैशाख मसान्तसम्मको प्रगति विवरण

१. भौतिक प्रगतिः

१.१ ब्रोडब्याण्डईन्टरनेट सेवा उपलव्ध गराउने परियोजनाः

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडब्याण्डसेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरू मार्फत ७४ जिल्लाहरूका तोकिए बमोजिमका ७०८ स्थानिय तहको कार्यालय, ५९३३ वडा कार्यालय, ५३१८ सामुदायिक माध्यमिक विद्यालय र ४२४९ सामुदायिक स्वास्थ्य संस्था/अस्पतालहरू गरी कुल १६,२०८ स्थानहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान कार्य सम्पन्न भएको अवस्था छ। हालसम्म जडान कार्य सम्पन्न भएका Site हरूको विवरण यस प्राधिकरणको Website मा रहेको लिङ्क https://nta.gov.np/en/nta-rtdf-progress/ मा हेर्न सकिन्छ ।

सम्पन्न भएका परियोजनाहरू मध्ये हालसम्म १४ वटा परियोजनाको Monitoring तथा Verification को कार्य सम्पन्न भइसकेको र ४ वटा परियोजनाको Phase III अन्तर्गतको Monitoring तथा Verification को कार्य भईरहेको ।

**२०८० बैशाख मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडब्याण्डपरियोजनाहरूको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेकोः**

| विवरण | स्थानिय तहको कार्यालय | वडा कार्यालय | माध्यमिक विद्यालय | स्वास्थ्य संस्थाको संख्या | कुल |
|---|---|---|---|---|---|
| इन्टरनेट जडान सम्पन्न भएको | ७०८ | ५,९३३ | ५,३१८ | ४,२४९ | १६,२०८ |

**१.२ तोकिएका स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम सम्बन्धमाः**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरू मध्ये भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) का सबै स्थानिय तहको कार्यालयहरू, वडा कार्यालयहरू, सामुदायिक माध्यमिक विद्यालयहरू, सामुदायिक स्वास्थ्य संस्थाहरूमा क्षमता अभिवृद्धि गर्न र जडान गर्न र सम्पूर्ण आधारभूत विद्यालयहरू गरी करिब ४,२५१ स्थानहरूमा कम्तिमा 20 Mbps क्षमताको Non-Dedicated ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरी २ बर्ष सम्मको लागि महशुल बापतको रकम उपलब्ध गराउने कार्यको लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाहरूसंग समझदारी-पत्रमा हस्ताक्षर गरी कार्य अगाडि बढाइएको। उक्त कार्यको प्रगति देहाय बमोजिम रहेको।

**भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा, सिन्धुली, रामेछाप र ओखलढुङ्गा) को प्रगति विवरण**

| क्र.सं. | विवरण | गत महिनाको प्रगति | हालको प्रगति |
|---|---|---|---|
| १ | सम्झौता सम्पन्न भएको स्थानिय तहको संख्या | ७३ | ७३ |
| २ | जडान कार्य सम्पन्न भएको स्थानिय तहको संख्या | १० | १० |
| ३ | जडान कार्य सम्पन्न भएको वडा कार्यालय/पालिकाको संख्या | ८२ | ८८ |
| ४ | जडान कार्य सम्पन्न भएको सामुदायिक विद्यालयको संख्या | ३६९ | ४२३ |
| ५ | जडान कार्य सम्पन्न भएको सामुदायिक स्वास्थ्य | ११८ | १३२ |

| | | | |
|---|---|---|---|
| | संस्था/अस्पतालहरूको संख्या | | |
| ६ | भुक्तानी भएको रकम | रु.८,०४,१४,३२०।५५ (अग्रिम भुक्तानी सहित) | रु.८,०४,१४,३२०।५५ (अग्रिम भुक्तानी सहित) |

**भुकम्पबाट अति प्रभावित ८ जिल्लाहरू र काठमाडौं उपत्यका बाहेकका ६६ जिल्लाहरूको प्रगति विवरण**

| क्र.सं. | विवरण | गत महिनाको प्रगति | हालको प्रगति |
|---|---|---|---|
| १ | सम्झौता सम्पन्न भएको स्थानिय तहको संख्या | ३५१ | ३५२ |
| २ | कार्य सम्पन्न भएको स्थानिय तहको संख्या | ९८ | ९९ |
| ४ | कार्य सम्पन्न भएको सामुदायिक आधारभूत विद्यालयको संख्या | २,८२२ | २,८६३ |
| ६ | भुक्तानी भएको रकम | रु.१८,७२,५४,५७५ (कर सहित) | रु.१९,२८,७०,९७३ (कर सहित) |

### १.३ मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्गः

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरू मार्फत अगाडि बढाइएको छ ।

**१. प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजबाट हालसम्म १,३६७ कि. मी. अप्टिकल फाईबर बिछ्याउने कार्य, २७ वटा DWDM System हरूको जडान सम्पन्न भई नेटवर्क सञ्चालनमा रहेको। ४७ वटा Core Router Equipment हरूको जडान कार्य सम्पन्न भई Final Acceptance Certificate (FAC) जारी भई warranty को चरणमा रहेको। साथै Scope परिवर्तन भएको फिदिम-ताप्लेजुङ्ग खण्डको लागि Contract Amendment मा हस्ताक्षर भएको।

**२. प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भएको। उक्त निर्णय बदर गर्नको लागि सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको।

**३. प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजबाट हालसम्म ३३० कि.मि. ADSS जडान कार्य सम्पन्न भएको। High Capacity DWDM उपकरण अन्तर्गत २६ मध्ये २३ वटा र Core Router उपकरण अन्तर्गत ४६ वटा Router हरूको जडान सम्पन्न भई stabilization period मा रहेको। साथै Microwave Transmission Network अन्तर्गतका उपकरकणहरूको ढुवानी प्रक्रियामा रहेको। Optical Fiber Network (UG) Package 1 & 2 को सम्झौता भई Purchase Order जारी भएको। Package 3 को लागि Factory Inspection को प्रक्रियामा रहेको।

**उपरोक्त सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरूको संक्षिप्त भौतिक प्रगति विवरण यस प्रकार रहेको:**

| विवरण | प्याकेज १ (कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेश) | प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश) | प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश) |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाईबरको दूरी (कि. मी.) | २,१७९* | २,१६० | १,९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाईबरको दूरी (कि. मी.) | १,३६७ | X | ३३० |
| हालसम्मको अप्टिकल फाईबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | ६२.७३% | X | १६.५६% |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी विवरणः | | | |
| १. DWDM System | २६(+२ जगेडा) | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी विवरणः | | | |
| १. DWDM System | २७** | X | २३ |

| | | | |
|---|---|---|---|
| २. Core Router Equipment | ४७ | X | ४६ |
| सम्झौता बमोजिम जडान गर्नुपर्न माईक्रोवेभ लिंक सम्बन्धी विवरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी विवरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* सेवा प्रदायकबाट Detail Implementation Plan भए पश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको।

** सेवा प्रदायकले जगेडाको रुपमा रहेको २ थान DWDM Test Bench को रुपमा पोखरा र बुटवलमा जडान गरेको।

## २. बित्तीय प्रगतिः

हालसम्म उपरोक्त ब्रोडब्याण्डतथा सूचना महामार्ग परियोजनाहरूको संक्षिप्त बित्तीय प्रगति विवरण यस प्रकार रहेको।

| विवरण | रकम |
|---|---|

| | |
|---|---|
| ब्रोडब्याण्ड परियोजना जम्मा सम्झौता रकम | रु. ५,६७,४६,९१,२७६।३९ |
| सूचना महामार्ग परियोजना जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००।०० |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरूलाई गरिएको भुक्तानी | रु. ५,४६,०६,४०,४२९।०२ |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको बित्तीय प्रगति प्रतिशत (%) | ९६.२३% |
| हाल सम्म सूचना महामार्ग परियोजना परियोजनाको बित्तीय प्रगति | २,०९,३८,६७,०५६।६८ |

सन्तोष पौडेल

प्रवक्ता

निर्देशक

नेपाल दूरसञ्चार प्राधिकरण